नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :
च.नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्रीज्यूको समेत कार्यभार सम्हाल्नु भएका उपप्रधान तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंहज्यूको अध्यक्षतामा संवत् २०८१ असोज १२ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८१ असोज ११ देखिको अविरल वर्षाका कारण देशका विभिन्न भागमा भएका विपद्का घटनाका सम्वन्धमा आकस्मिक समन्वयात्मक बैठक सम्पन्न भई विपद् उद्धार, राहत, घाइतेहरूको औषधी उपचार र सडक अवरोध खुलाउने कार्यलाई उच्च प्राथमिकतामा राखि सरकारका सवै संयन्त्रहरू परिचालन गर्न निर्देशन दिइयो।

छलफलमा अविरल वर्षाका कारण देशका विभिन्न भागमा घटेका विपद्का घटनामा मृत्युवरण गर्नु भएका सर्वसाधारणहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरियो। साथै, सम्वन्धित मन्त्रालयका तर्फबाट बाढी, पहिरो र डुवानका कारण भएको जनधनको क्षति, जनसरोकारका अत्यावश्यक सेवा आपूर्तिमा पुगेको अवरोध, विपद् उद्धार कार्यमा खटिएका जनशक्ति, उद्धारको विवरण तथा उद्धार र राहतमा भएका कठिनाईका वारेमा मन्त्रालयगत तयारी सहितको विषयमा जानकारी आदान प्रदान गरियो ।

बैठकमा विपद् उद्धार, राहत, घाइतेहरूको औषधी उपचार र सडक अवरोध खुलाउने कार्यलाई उच्च प्राथमिकतामा राखि सरकारका सवै संयन्त्रहरू तत्काल परिचालन हुने; प्रदेश र स्थानीय तहसंग समन्वय गरी बाढी, पहिरो र डुवानका कारण वेपत्ता भएका व्यक्तिहरूको खोज र उद्धार कार्यमा कुनै कमी कमजोरी हुन नदिने; सम्भावित विपद्का घटनाप्रति सवै सरोकारवाला र सुरक्षा निकायहरूलाई उच्च सतर्कतामा राख्ने; वर्षातका कारण सडक अवरुद्ध भई समयमै गन्तव्यमा पुग्न नसकेका यात्रुहरूलाई गन्तव्यमा पुर्याउन आवश्यक सहजिकरण सहित उहाँहरूको सुरक्षाप्रति संवेदनशिल रहन सम्वन्धित सुरक्षा निकायलाई निर्देशन दिने; विपद् व्यवस्थापन सूचना प्रणालीलाई भरपर्दो, विश्वसनीय र वास्तविक बनाउने र सामाजिक सञ्जालमा आएका विपद्सम्वन्धी घटनाहरूप्रति सरकारका सवै संयन्त्रहरू संवेदनशिल रहने; विश्वविद्यालय तथा विभिन्न निकायबाट संचालन भैरहेका सवै तहका परिक्षाका कार्यक्रमहरूलाई अहिलेको विपद्को कारणले अवसरबाट बन्चित नहुने तथा विद्यार्थीहरूलाई मर्का नपर्ने गरि उपयुक्त विकल्प सहित व्यवस्थापन गर्न सम्वन्धित निकायहरूलाई निर्देशन दिने; विपद्को बहानामा हुनसक्ने कृत्रिम अभाव, मूल्यवृद्धि, नाफाखोरी, कालोबजारी जस्ता अनुचित व्यापारिक गतिविधी उपर सम्वन्धित निकायले सुक्ष्म निगरानी गरि

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेबसाइट : http://www.opmcm.gov.np

Scanned with CamScanner

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :

च.नं. :

सिंहदरबार, काठमाडौं

नेपाल ।

उपभोक्ता हितको हनन हुन नदिने; विद्युत, टेलिफोन, इन्टरनेट, खानेपानी जस्ता जनसरोकारका अत्यावश्यक सेवाहरूको आपूर्तिमा कुनै अवरोध हुन नदिने र भएका अवरोध तत्काल खुलाउन सम्वन्धित निकायलाई निर्देशन दिने र विपद् सम्वन्धी सूचना प्रदान, उद्धार, राहत, घाइतेहरूको औषधी उपचार र सडक अवरोध खुलाउनका लागि अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, आम सर्वसाधारण र सञ्चारकर्मीहरूलाई धन्यवाद व्यक्त गर्ने निर्णय गरियो।

छलफलमा नेपाल सरकार, मन्त्रिपरिषद्का सदस्यज्यूहरु, सचिवज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू लगायत उच्च पदस्थ कर्मचारीहरू तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

संवत् २०८१ असोज १२ गते, शनिवार

प्रेमप्रसाद आचार्य

सहसचिव/प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल

ई-मेल : info@opmcm.gov.np

वेब साइट : http://www.opmcm.gov.np

Scanned with CamScanner